## अन्तर्राष्ट्रिय तामाङ परिषद्को संक्षिप्त परिचय

विश्वका विभिन्न देशमा तामाङ भाषा, लिपि, धर्म र संस्कृति अवलम्बन गर्दै बसोबास गरिरहेका समस्त तामाङ जातिको राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक सम्मुन्नतिका लागि सामुहिक र संगठित रूपमा योगदान दिन आ-आफ्नो देशमा संगठन निर्माण गरी क्रियाशील रहँदै आएका तामाङ संघ/संगठनहरूलाई समन्वय गर्दै उनीहरूको हक-अधिकार एवम् विशिष्ट मौलिक पहिचानको रूपमा रहेका भाषा, लिपि, संस्कृति आदिको संरक्षण, सम्बर्द्धन तथा तामाङ समुदायको साझा सवालमा नीति निर्माण, नेतृत्व विकास र उनीहरूको मानव अधिकारको प्रत्याभुतिको लागि सक्रिय रहँदै दिगो विकासमा समेत एकअर्काबाट सिक्दै तामाङ समाजको बृहत्तर हितमा सशक्तिकरण र जागृति फैलाउनका खातिर सन् २००२ मा **अन्तर्राष्ट्रिय तामाङ परिषद्** गठन गरिएको हो ।

अन्तर्राष्ट्रिय तामाङ परिषद्मा हाल नेपाल, भारत, भुटान, बर्मामा स्थायी सदस्य संस्थाहरू आबद्ध छन् भने थाइलैण्ड, अमेरिका, हङकङ, कुवेत, इजरायल, जापान, बेलायत, मलेसिया, दक्षिण कोरिया, बहराइन, मकाउ, बेल्जियम, ओमन, साउदी अरब, दुबई, कतार, अष्ट्रेलिया, साइप्रस, क्यानाडा, इराक लगायत डेड दर्जन बढी मुलुकमा राष्ट्रिय सदस्य संस्थाहरू क्रियाशील छन् । प्रत्येक ४/४ वर्षमा लोकतान्त्रिक विधि, प्रक्रियाद्वारा परिषद्को सम्मेलन सम्पन्न गरी यसले विधान बमोजिम सम्मेलन आयोजक संस्थाले तोकेको व्यक्तिको अध्यक्षतामा सबैको प्रतिनिधित्व हुनेगरी एक कार्यसमिति गठन गर्दछ। परिषद्को केन्द्रीय सचिवालयको कार्यालय नेपालको काठमाडौंमा स्थापना गरिएको छ भने क्षेत्रीय रूपमा समेत क्षेत्रीय समितिहरू (दक्षिण एशिया, युरोप, पूर्वी एशिया तथा अष्ट्रेलिया, उत्तर-दक्षिण अमेरिका र खाडी तथा मध्यपूर्वी क्षेत्र) समेत क्रियाशील छन् ।

अन्तर्राष्ट्रिय तामाङ परिषद् तामाङ समाजको हित चाहने, संसारको सबै तामाङ संघ/संस्थाबीच समन्वयात्मक भूमिका निर्वाह गर्ने एकमात्र अन्तर्राष्ट्रिय स्तरको छाता संगठन हो । यसले तामाङको राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक लगायतका साझा मुद्दामा सबै तामाङलाई एकठाउँमा उभ्याउने काम गर्दै आएको छ । परिषद्ले तामाङ जातिको अभिन्न अंगको रूपमा रहेको जन्मदेखि मृत्युसम्मको संस्कार, सोनाम ल्होछार पर्व, तामाङ भाषा/लिपि, परम्परागत संस्थाहरू (ताम्बा, बोन्बो, लामा) तथा तामाङ संस्कृतिलाई अन्तर्राष्ट्रिय रूपमा प्रवर्द्धन, विकास र एकरूपताको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

**सहयोग मूल्य रु. ५०/-**

# तामाङ संस्कार-संस्कृति निर्देशिका

**प्रकाशक**

**अन्तर्राष्ट्रिय तामाङ परिषद्**

**केन्द्रीय सचिवालय**

# प्रस्तावना

हाम्रा ताम्बाहरूले प्रस्तुत गरेका गौरवशाली तामाङ इतिहास र हाम्रा पुर्वजले भविष्यको यात्राको लागि देखाएको बाटोको हामी ती पूर्खाका स्वाभिमानी सन्ततीको रूपमा एक साथ स्मरण गर्दै,

हाम्रो मानवीय, प्राकृतिक र आध्यात्मिक पक्षहरू बीच मातृभूमिसँगको सम्बन्धले विकसित तथा परिस्कृत दीगो समाज र आउँदो पुस्ताका लागि शान्ति, समानता र न्याय कायम गर्ने हाम्रो दायित्व प्रतिविम्बित गर्ने आफ्नो विशिष्ठ तामाङ विश्व दृष्टिकोणलाई पुनर्पुष्टि गर्दै,

तामाङ बौद्धधर्म, बोम्बोवाद र ताम्बावादको अपूर्व समिश्रण भएको तामाङ सभ्यता र सांस्कृतिक सम्पदा गहिरोसँग जोडिएको कुरा आत्मसात गर्दै,

तामाङ संस्कृतिले तामाङ महिलाहरूलाई उच्च र सम्मानित स्थानमा राख्दै तामाङ समाजको उत्थानमा उनीहरूको योगदान र दायित्वको उच्च कदर गर्ने र दाजुभाई र चेलीबीच पारस्परिकता, आपसी सहयोग र समताको मूल्यलाई बढावा दिने कुरालाई अवलम्बन गर्दै,

ताम्बा परम्पराबाट विकसित वर्तमान तामाङ सेलो, डम्फू, टुङ्नाको गीत र संगीत हाम्रो जातिको पहिचान र संस्कृतिको अभिन्न अंग भएको, नयाँ पुस्तामा आफ्नो धर्म, इतिहास र मूल्य मान्यता साथै शिक्षा र चेतनाको प्रशारण गर्न माध्यम भएको र यो हाम्रो सौन्दर्य बोधको अभिव्यक्ति समेत भएको कुराप्रति गर्व गर्दै,

एक्काईसौ शताव्दीले अगाडि सारेका चुनौतीहरूलाई सामना गर्न तामाङ जातिले आफ्नो समाजभित्र र अन्तर्राष्ट्रिय क्षेत्रमा क्रियाशील रहने कटिवद्धतालाई दोहोर्‍याउँदै र यो क्रियाशील रहने नैतिक जिम्मेवारी भावी पिँढीमा हस्तान्तरण गर्नुपर्ने आवश्यकतालाई दृष्टिगत गर्दै,

तामाङ समाजका पनि बोम्बो (बोम्बो, लम्बु, लप्तेवा), लामा (लोपन, लोवन), र ताम्बा जस्ता परम्परागत संस्थाहरू आजभोली न्हाङ्खोर र बाह्रछोम्पा जस्ता चलनहरू हट्दै

गएका यी संस्थाहरू र संस्कार, संस्कृतिप्रति केही तामाङहरूमा विचलन र उदासिनता आएको अनावश्यक खर्चिलो, तडक भडक र विकृति समेत देखिन थालेकोलाई दृष्टिगत गर्दै,

तामाङ जातिको जन्मदेखि मृत्युसम्म गरिने सम्पूर्ण संस्कार सम्पन्न गर्न समाज (ह्युल्वा/नाम्सावा) का अगुवाहरू लामा, गान्वा (गान्सुम) ताम्बा, बोन्बो (लाप्तावा, लाम्बु, साङदुङ), चोहो, गाउरुङ (गाउराअी), मुल्मी, ह्राबाब्योन्दोर्जे, छ्याङबा, स्यान्बा, छ्युमा, कोङगेर, कटाउकेको भूमिका महत्वपूर्ण रहेको हुन्छ। यिनै समाजका अगुवाहरू संलग्न तामाङ समाजको सामाजिक संरचनाले तामाङ समाजलाई जीवन्त, गतिशील र व्यवस्थित बनाई बाह्य संस्कृतिको अतिक्रमणबाट संस्कृति बचाउने र तामाङ समाजमा तामाङ संस्कार, संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकासको निम्ति रुढीवादी र विकृतिहरूलाई हटाएर वैज्ञानिक रूपमा परिस्कृत गर्नुपर्ने भएकाले,

समय, परिस्थिति, वैज्ञानिक, प्राविधिक विकास र त्यसद्वारा उत्पन्न ज्ञानहरू अनुरूप संस्कार संस्कृतिलाई वैज्ञानिकीकरण गर्ने तामाङ समाज र जीवनोपयोगी बनाउँदै लैजानु अनिवार्य आवश्यकता भएको र तामाङ संस्कार, संस्कृति र जातीय पहिचानलाई कालान्तरसम्म जोगाई राख्न निश्चित नीति, नियम र मार्ग निर्देशनहरू निर्माण गर्नु वान्छानीय भएकाले,

हाम्रो भूमि र विश्व दृष्टिकोण, हाम्रो आस्था र विश्वास, हाम्रो संस्कार र संस्कृतिमाथि विभिन्न धर्म र संस्कृतिले चारैतिरबाट अतिक्रमण भई हाम्रो अस्तित्व र पहिचान संकटमा परेको हाम्रो साझा अनुभूति र अनुभव भएकाले,

तामाङहरूको ताम्बावाद, बोन्वोवाद र लामावादको क्रियात्मक आलोक र सौन्दर्यमा हुर्केको आफ्ना राष्ट्रिय आदर्श, मूल्य-मान्यता, धार्मिक विश्वास, संस्कार र संस्कृतिमा देखा परेका विकृति, विसंगति, अनावश्यक तडकभडकलाई हटाउँदै विश्वभरका तामाङहरूबीच एकरूपता ल्याउनु र सरलीकृत गर्नु आवश्यक भएकाले,

विश्वमा भूमण्डलीकरण, सूचना, विज्ञान र प्रविधिको विकास, मानवअधिकारको दृष्टिकोण र आर्थिक संरचनामा आएको परिवर्तनले थपेको चुनौतीको सामना गर्नु हाम्रा परम्परा, संस्कार र संस्कृतिलाई परिमार्जित र परिस्कृत गरेर प्रतिस्पर्धी र समृद्ध पार्दै जानु वान्छनीय भएकाले,

प्रथम ऐतिहासिक अन्तर्राष्ट्रिय तामाङ सम्मेलनको घोषणापत्रको अक्षर र मर्मलाई व्यवहारमा उतारेर स्वाभिमान, सुसंस्कृत र समृद्ध तामाङ समाज निर्माण गर्न सबै तामाङ क्षेत्र र वस्तीहरूबाट राय सुझाव सङ्कलन गरी सन् २००५ डिसेम्बर १८ मा भारत

पश्चिम बंगाल, दार्जिलिङमा सम्पन्न दोस्रो अन्तर्राष्ट्रिय तामाङ सम्मेलनले पारित गरेको तामाङ संस्कारसम्बन्धी कार्य निर्देशिकालाई सन् २०१८ डिसेम्बर १६ मा भारत पश्चिम बंगाल, मिरिकमा सम्पन्न चौथो अन्तर्राष्ट्रिय तामाङ सम्मेलनबाट पारित सुझावलाई समेत समेटी यो तामाङ संस्कार संस्कृतिसम्बन्धी अन्तर्राष्ट्रिय निर्देशिका पुनः प्रकाशित गरिएको छ ।

## १.0 जन्म संस्कार

### १.१ गर्भको रक्षा :–

१. गर्भको शिशु र आमा समेतलाई राम्रो (मंगल) होस् भन्नाको लागि बौद्धधर्मको दोभाङ परित्राणको शुत्र घरमा समय समयमा पाठ गर्ने । आआफ्नो थर विशेषको परम्परा अनुसार घरका कूल देवताहरूलाई गर्भिणी महिला, गर्भ र घरपरिवारलाई सुख, स्वास्थ्य र शान्तिका लागि साङसेर्गेम गर्ने ।

२. गर्भवती महिलाले खतरनाक, डरलाग्दो काम, दृष्यहरू, शारीरिक र मानसिक रूपमा जोखिम र प्रतिकूल आघात पर्ने काम नगर्ने । गर्भवती अवस्थामा श्रीमान–श्रीमती दुवैले प्राणी हत्या नगर्ने । तामाङ समाजमा गर्भधारण गरेकी महिलाहरूलाई कुनै पनि शुभ-अशुभ कर्मकाण्डको कार्यहरू गर्नबाट बञ्चित नगर्ने, नगराउने ।

३. गर्भिणी महिला र गर्भको रक्षाको लागि ल्होकाव र सिमेभुमे (शीव्दाःनेदा) आदिको पूजाआजा गर्ने । गर्भिणी महिलाको अघिल्लो बच्चा खेर गएको छ भने बोम्बो वा लामाबाट रिसापा वा मोच गर्ने । राम्रो राम्रो पुस्तकहरू पढ्ने र नजिकको गुम्बाहरूमा दर्शन गर्न जाने, लैजाने ।

४. गर्भको शिशु र गर्भिणी महिलाको राम्रो स्वास्थ्यको लागि पोषिलो खानेकुरा खाने, खुवाउने, सम्भव भएमा जान्ने बुझ्ने बुढीआमाहरू, सुढेनी, महिला स्वास्थ्य कार्यकर्ता तथा नजिकको स्वास्थ्यचौकीहरूमा सम्पर्क राखी बेलाबेलामा जचाउने र सुत्केरी गर्ने, गराउने ।

### १.२ जन्म :–

१. बच्चा जन्मिसकेपछि नुहाई धुवाई सफा गरिसकेपछि सुत्केरीलाई तागतिलो र पोषिलो खानेकुरा खुवाउने ।

२. महायानी बौद्ध परम्परा अनुसार आमा र बच्चाको सुरक्षार्थ लामाद्वारा छेडुप, दोमाङ पाठ, मंगलशुत्र र दर्ज्यूको सुत्र समेत पाठ गर्ने ।

३. आमा र बच्चाको रक्षार्थ लाब्तावा र बोम्बोद्वारा कूलधर्म अनुसारको पूजा गर्ने । बच्चा जन्मेपछि अनुभवी महिला वा स्वास्थ्य कार्यकर्ताको सहयोग लिई खिया नपरेको सफा हतियारले नाल काट्ने, बिढ्याउने । नाल बिढ्याईसकेपछि बच्चालाई सफा पानीले नुहाई धुवाई गरी सेकताप गर्ने र चोखो पातीले सफा गरी आमाको दूध खुवाउने ।

४. नाल, शाल टपरी वा पातमा पोको पारी सुरक्षित स्थानमा गाड्ने ।

### १.३ **न्वारन** (**थाप्साङ, ठूआीआङ थेन मीन थान्वा**) :–

१. आआफ्नो ठाउँको रीतिथिति बमोजिम लामा, बोम्बो, भिक्षु, लाप्तावा आदि पुरोहित ल्याएर नवजात शिशुको न्वारन गर्ने । न्वारनका बेला नाम राख्दा तामाङ भाषामा नाम राख्ने । जस्तै : (पोटी, रेप्पा, लाछीरीङ, ङिमालासी, खेचा, सेल्चाग्रोङ, मर्चाग्रोङ, मार्का) आदि । छोरा वा छोरी दुवैको ३, ५, ७ वा ११ दिनमा न्वारन गर्ने अन्यथा परिस्थिति बमोजिम सम्पन्न गर्ने, दोमासे नबार्ने ।

२. शिशुको नाम राखी ची (ज्योतिषशास्त्र) को आधारमा ग्रह, नक्षेत्र, दिन, बार, ल्हो, खाम र मेवा मिलाएर नाम राख्ने ।

३. तामाङ समाजमा न्वारन गर्दा न्वारन गर्ने पुरोहित लामा वा बोम्बोलाई निम्तो दिन पोङ वा खादा पठाउने/लैजाने ।

४. लामाहरूले साङबुम्बा छ्योओी, दोर्जे नाम्ज्युङ, टासी चोप्गे पाठ गर्ने । लामा नभएको अवस्थामा मान्छाङ न्वारन गर्ने । लामा नपाइएमा गान्बा, ताम्बा, भानिज, ज्वाइँ, मामाद्वारा सिङ्ने गर्ने, गराउने । साङवुम्बा, ठुई आदिको प्रयोग गरी न्वारन सम्पन्न गर्ने ।

५. थाप्साङ ग्रेसिङ, तीतेपाती र दर्शनढुंगा आदि तातो आगोको कोईलामा राखी बाफले शिशुलाई सुकाउने, शिशु र सुत्केरी आमालाई नुहाई धुवाई पूजापाठपछि कलशको ठुईले शीलथाप गर्ने साथै शिशुको शालनाल तथा सुत्केरी स्याहार्ने सुडेनी वा जो छ उसलाई र न्वारनका दिन आमन्त्रित हुनेहरूलाई बुम्बाको ठुई ग्रहण गराउने ।

६. अन्तरजातीय बिबाहबाट जन्मेका शिशुको पनि बाबुआमाको तामाङ रीत बमोजिम बिबाह भैसकेको हो भने न्वारन गर्ने ।

७. न्वारनमा आफ्नो वंश, आफन्त, मावली एवम् गान्बा, आखेमाम, लामा पुरोहित, चेलीमाइतीलाई बोलाई साधारण डोन मात्र खुवाउने ।

८. न्वारन गर्दा लामा, बोम्बो वा कोद्वारा गराउने हो ? सम्बन्धित अभिभावकको इच्छा अनुसार गर्ने ।

**१.४ झाँक्रीद्वारा गरिने न्वारन :-**

बुम्बा/कलशमा ल्वाङ, सुकुमेल, श्रीखण्ड, पाँचऔले, तितेपाती, दुबो, धातु जस्ता पदार्थहरू हाली त्यसलाई शुद्ध पारी तयार गरिएको ठुई अनि छो (फलफूल) परिवार तथा आमन्त्रित सबैलाई छर्कने र खान/पिउन दिई शुद्ध पार्ने काम गर्ने ।

# २.० कर्म संस्कार

**२.१ पास्नी (कान ख्वाबा) :-**

१. लामा र भिक्षुद्वारा राम्रो साइत जुराएर मामा, आमा, आपा वा बाजेबज्यै जसको हातबाट भात खुवाउने साइत जुर्छ उसैको हातबाट भात खुवाउने । त्यसपछि क्रमशः ठूलोदेखि खुवाउने र आशिर्वाद (जिन्लाव) दिने । त्यस दिनमा शिशुलाई नयाँ लुगा पनि लगाइदिने, छोरा अथवा छोरीलाई भेदभाव नगरी ५ महिनामा नै भात खुवाउने ।

२. भात खुवाईको दिन लामाद्वारा साङसेरगेम र ताम्बा वा बोम्बो (लाप्तावा, साङदुङ) द्वारा आफ्ना गाउँको देवी देवताहरू साथै घरका कूल देवताहरूको साङसेरगेम गर्ने ।

३. भात खुवाइमा आमा-बुबा, लामा, आखेमाम, म्हेमे र छिमेकी भद्रभलाद्मी, ताम्बा, आस्याङ, गाउँका बुढापाका, इष्टमित्र, मावलीहरू समेतलाई आमन्त्रण गरी आर्थिक भार नपर्ने गरी भोज खुवाउने ।

४. भात खुवाईको उपलक्ष्यमा गाउँका ताम्बा र आस्याङहरू एकआपसमा डम्फू बाजा बजाएर ताम्बा काओीतेनमार्फत शिशुलाई शुभ आशिर्वाद दिइने परापूर्वकालदेखि चलिआएको चलनलाई यथावत् कायम राख्ने ।

## २.२ छेवार :-

१. तामाङ समाजमा छोराको छेवार ३ वर्षदेखि ७ वर्षसम्म विजोर वर्ष पारी गर्ने ।

२. छेवार गर्दा मामालाई केही सगुन लगी निमन्त्रणा पठाउने तर डाङ नलाने, भान्जा देखाउने (कोन ङोन्वा) चलन नगर्ने ।

३. छेवारमा अभिभावकको इच्छा अनुसार बोन्बो, ताम्बा वा लामा लगाई साङसेरगेम गर्ने, लामाद्वारा साईत जुराएर मामाद्वारा केश काट्ने । चेलीद्वारा काटिएको कपाल टपरीमा थाप्ने । निजी मामा नभएमा अरू नाता पर्ने मामाबाट कपाल कटाउन बाधा छैन ।

४. छेवारमा दाम्लोले बाँधी मुखमा दुबो च्याप्न लगाई हातमा फलफूल राखी कपाल काट्ने चलन बन्द गर्ने ।

५. छेवार गर्दा बोम्बो वा ताम्बाहरूले साङसेरगेम गरी छो (प्रसाद) चढाउने ।

६. आस्याङले कपाल काट्दा पहिला बुम्बा (कलश), मार्मे (दियो) आदि पुजेर घडी थापी ठीक साईत जुराई पहिलोपल्ट काटेको कपाल पूर्व दिशाको देवतालाई चढाउने र क्रमशः चारैदिशाको देवतालाई चढाउने र आकाशको देवतालई चढाउने, पातालको देवतालाई चढाउने र त्यसपछि केश कैचीले मेलैले काट्ने ।

७. छेवारमा काटेको कपाललाई चोखो रूखको टोड्कामा, ढुंगाको आडमा, बगेको पानीमा, चोखो ठाउँमा, फूलको रूखको फेदमा वा कसैले पनि नकुल्चने ठाउँमा राख्ने ।

८. छेवारमा ताम्बाहरूद्वारा डम्फू बजाएर ताम्बा काओीतेनबाट तामाङ समाजमा परम्परादेखि चलिआएको विधिविधान यथावत कायम राख्ने, गर्ने ।

९. निम्तालुहरूले नौनी घिउ वा कोको म्हेन्दोको टिका र खादा लगाई आशिर्वाद र उपहार तथा साधारण दक्षिणा दिने ।

१०. घरको तर्फबाट सकेसम्म थोरै छ्याङ, रक्सी बनाउने । थोरै खर्चमा गच्छे अनुसार छेवार सम्पन्न गर्ने र सीमित दाजुभाई तथा इष्टमित्र नातागोतालाई बोलाउने । मामा ठेगानको लागि १ पोङ रक्सी, एउटा कुखुरा र छेवार पछिको डाङको रूपमा एकपोङ रक्सी, १२० (छ वीस) रोटी/बाबर र एउटा कुखुरा लाने । छेवार एकै दिनमा सम्पन्न गर्ने र गराउने ।

११. मामाको तर्फबाट टोपी, फेटा, एकजोर लुगा तथा जुत्ता र बढीमा १ वटा थाल लाने वा लान पाउने ।

१२. निम्तोमा आउने पाहुनाहरूले डाङको सट्टामा बढीमा रू. १५०/– (एकसय पचास) सम्म दिने र छोरीचेलीको हकमा साधारण स्यालगर (सगुन) मात्र ल्याउने ।

१३. छेवारमा तामाङहरूको परम्परागत बाजा टुङना र डम्फूबाहेक अरू बाजाहरूको प्रयोग नगर्ने ।

## २.३ प्रवज्या (टाप्चे) :–

१. तामाङहरू महायानी लामा बुद्ध धर्मका अनुयायी भएकाले बौद्ध धर्ममा प्रवेश गर्न लामाद्वारा बालक वा बालिकालाई शुभ साइत निकाली टासी चोप्गे (मंगलशुत्र) पढाई शिशुको टाप्चे (टुपी काट्ने) । शिशु लामा गुरुले जप्न दिएको मन्त्र जप्न सक्ने उमेरको हुनुपर्दछ ।

## २.४ गुन्यु चोलो दिने (स्यामा हाङरे पीन्बा) :–

१. छोरीलाई पनि साईत अनुसार ७, ९ र ११ वर्षमा स्यामाहाङरे (गुन्यूचोली) दिने ।

२. छोरीलाई गुन्युचोली (स्यामाहाङरे) दिँदा अभिभावकको इच्छाअनुसार लामा, ताम्बा वा बोम्बोद्वारा साङसेरगेम गर्न लगाउने ।

## २.५ रजस्वला नबार्ने/ऋतुमति :–

१. कुनै ठाउँमा अन्य धर्मको प्रभावमा परेर महिनावारी भएको समयमा महिलाहरूले देवताको थान (छ्योखाङ) मा पूजाआजा नगर्ने र बार्ने गरेकोमा अब उप्रान्त नबार्ने ।

## २.६ टाटू खोप्ने (म्हेन्दोछ्वाबा) नाक, कान छेड्ने र गरगहना लगाउने :–

१. छाला खोपेर अक्षर वा चिन्ह बनाउने, टाटू खोप्ने, नाक, कान छेडी गहना लगाउने, गला, हातमा गहना लगाउने चलन यथावत कायम राख्ने ।

## २.७ पोते र सिंदुर नलगाउने :–

१. तामाङ महिलाहरूले पोते र सिंदुर नलगाउने ।

## २.८ बिबाह :-

१. तामाङ समाजमा परम्परादेखि चलिआएको मामा-फुपु चेलाचेली बिबाहलाई यथावत मान्यता कायम राख्ने। बिबाहमा लामालाई पनि निम्त्याई घरको साङसेर्गेम गर्ने, दम्पतीको छेङ्युप गर्ने, दर्ज्यू राख्ने।

२. स्वाँगेभाई मिचेर बिहेबारी नगर्ने, नगराउने । स्वाँगेभाईका बारेमा नजिकको ताम्बासँग सम्पर्क गरी जानकारी गर्ने, अहिलेसम्मको अन्जानवस एवम् लापरबाहीको कारणले मिचामिच भएकोलाई बिर्सेर अब उप्रान्त यसप्रति कडा निगरानी राखी सामाजिक दण्ड दिने।

३. केटीको राजीखुशी मञ्जुरी बाहेक जोरजुलुम जबर्जस्ती केटी तानेर लैजान नपाउने, कुटुम्बरीले छोरी-चेलीको मगनी गर्दा तोकिएको भन्दा बढी रीतभात र नगद लिनदिन नपाईने।

४. बिबाह पहिले सोधनी (ङ्योत्पा) र कुरा छिन्ने (ताम छ्याल्वा) पोङ बाहेक अरू पोङ लिनुदिनु नहुने। कन्यार्थ जाँदा ङ्योत्पा (सोधनी) पोङ लाने, त्यसमा एकपोङ, खादा, कोकोम्हेन्दो र साधारण कोसेली लैजाने। बिबाहको कुरा छिन्दा तामछ्याल्वा पोङ लैजाने, जसमा एकपोङ, खादा, कोकोम्हेन्दो र साधारण कोसेली लैजाने।

५. स्वाँगेको तालिका तयार गर्ने र छुटेकाहरूलाई पनि पंक्तिगत गरी राख्ने।

६. प्रत्येक तामाङले बिबाहमा चारदाम र रीतभात बुझाउने र केटी पक्षले वागदान दिनुपर्ने । बुझाउनुपर्ने रीतभात र चारदाम नबुझाएमा तामाङ समाजमा बिबाह पाको हुँदैन।

७. चारदाममा १/१ को सिक्का ४ वटा (चार रुपैयाँ), ५ वटा पोङ, लाम्हेन्दो (कोकोम्हेन्दो) लैजाने। चारदाममध्ये एकदाम केटीलाई, एकदाम सहोदर माइतीलाई, एक दाम केटीको आमा-बाबु र एकदाम बन्यौली माइतीलाई दिने।

८. डाङ, वाङदे, खोन्सोरोङ (रीतभात) को हकमा माइतीलाई एकपोङ रक्सी र थोङ्से, १२० (छ कोरी/छ वीस) रोटी बुझाउने र माइतीले रीतभात बुझ्ने र माइतीलाई रीतभात बुझ्ने दिनमा चेलीलाई आफ्नो अंश, पेवापात, दाईजोको साथमा उपहार स्वरूप हँसिया, बटुका (डबका) र कुटो पनि दिने। वाङदे खोन्सोरोङ वा डाङमा मुई डाङ, रा डाङ नलाने तर तोकिएको रीतभातले आङी आस्याङ, आखेमाम, होफे, कुथाप, मैयुङ आदि सबैलाई पुऱ्याउने। डाङको सट्टामा फलफूल, मिठाई आदि चलाउने।

९. एकै थरका दिदी बहिनीको छोराछोरीहरू माझ वैवाहिक सम्बन्ध नहुने ।

१०. तामाङ परम्परा अनुसार चारदाम र रीतभात बुझे, बुझाए तथा वागदान गरेपछि बिबाह सम्पन्न हुने हुँदा बेहुलीलाई सिंदुर, पोते नगर्ने । बिबाहको समयमा बेहुलीलाई पाङदेन र तामाङ परम्पराको चाँदीको सिक्री लगाइदिने । बिबाहमा सबैले अनिवार्य रूपमा तामाङ भेषभूषा लगाउने ।

११. ताम्बा काईतेन र ह्वाईमार्फत बिबाह सम्पन्न गराउने । हिन्दू संस्कृतिको जस्तो बिबाहमा गोडाधुने, कन्यादान, गोदान, छोरीको नाममा नून बार्ने, कपाल खौरने चलन नगर्ने ।

१२. मामाले भान्जालाई तागी र खादा र भान्जीलाई गा (बर्को) र खादा दिने ।

१३. बिबाहको दिन ढोकामा राखेर बेहुलाले कुखुराको भाले नकाट्ने ।

१४. अभिभावकको अनुमतिबिना केटाकेटीको आपसमा राजीखुशीले भगाई लगे वा भागी गएमा चोरी बिबाहको हकमा मागी बिबाहमा जस्तै चारदाम, वागदान गर्ने र रीतभात बुझाउने । अजातमा जानेको चारदाम नगर्ने ।

१५. एउटै धर्म, कर्म, संस्कृति र जीवनशैली भएको समुदायका सदस्यहरू बीच भएको बिबाह बाहेक अन्य जाति समुदायका सदस्यबीच भएको बिबाहमा मात्र अन्तरजातीय बिबाह मान्ने । यस्तो अन्तरजातीय बिबाहमा केटीको निम्ति बौद्ध नीति बमोजिम सामाजिक कुटुम्बेरी थर र माइती सिर्जना गरी बिबाहको सम्पूर्ण विधि विधान पूरा गर्ने । यति विधि पूरा गरेकी अन्य जात वा जातिबाट आएको स्त्रीलाई तामाङहरूको जुनसुकै धर्मकर्म र परम्परागत संस्थाहरूमा तामाङ वंशज सरह पूर्ण हक दिने । अजातमा जाने छोरीको जात दण्ड रू. ६१ (चाँदीको सिक्का) उठाउने ।

१६. विधुवा बिबाहलाई पुनः चारदाम गरी मान्यता दिने चलन कायमै राख्ने । कुटुम्बेरी थरसँग बिबाह भएमा पुनः चारदाम गरी सम्पन्न गर्ने ।

१७. लोग्ने मानिस र स्वास्नी मानिस दुवैलाई जारी बिबाह र बहुबिबाह निषेध गर्ने ।

१८. लोग्ने मानिस र स्वास्नी मानिस एक आपसमा मिलि एकै ठाउँमा बसेर जीवन तथा व्यवहार सञ्चालन गर्न नसक्ने भएमा दुवै पक्षको अभिभावक दाजुभाई तथा गान्बा, ताम्बाहरूको समक्षमा तामाङ जातिको परम्परागत विधि अनुसार सिंकाधागो (सम्बन्ध विच्छेद) गर्न सकिने ।

१९. सम्बन्ध विच्छेद भएको महिला तथा पुरुषले आ-आफ्नो कुटुम्बेरी थरकासँग बिबाह गर्न सक्ने, पाउने ।

२०. बिबाहको विधिको हकमा पूर्ववत नै गर्ने र तर रीतभात र खर्च तोकिएको हद नाघेर नगर्ने ।

२१. तामाङ जातिको परम्परामा छोराछोरीमा आमाबाट रगत र बाबुबाट हाड सर्ने भन्ने सिद्धान्त भएकाले बिबाह भएपनि महिलाको थर परिवर्तन नहुने । कसैले थर परिवर्तन गरेको भए थर परिवर्तन गर्न नहुने ।

२२. बिबाहमा ताम्बा काईतेन, तामाङ ह्वाई जस्ता तामाङ परम्परागत गीत एवम् तामाङ बाजाहरूः डम्फू वा टुङ्ना एवम् अन्य बाजाहरूलाई यथावत प्रयोग गर्ने ।

२३. बाबु-आमाको चारदाम भएको छैन भने उनीहरूको नानीहरूको चारदाम हुन नसक्ने । चारदाम नगरेको विवाहित स्त्रीको मृत्युअघि चारदाम गर्ने ।

# ३.0 मृत्यु संस्कार

**३.१ दाहसंस्कार :–**

१. मृत्यु भएमा छरछिमेक, दाजुभाई, नातागोता र लामा बोलाई फोवा गराउने ।

२. मृतक महिला भएमा मृतकको माइतीहरूलाई सुचित गर्ने, गराउने । उपस्थित गराउने र माइतीको उपस्थितिमा मात्र दाहसंस्कार गराउने ।

३. मृतकको लागि एकमाना चामल र बत्ती (छ्यू मी) बाली राख्ने र सुर दिने ।

४. लासलाई तामाङ परम्परा अनुसार पद्मासन (ठाडो) मा राखी डोम बनाई धुर्सामा लैजाने । यसले फोवाको विधि सजिलो हुन्छ ।

५. तामाङ समाजमा महिलालाई बिबाहमा सिंदूरपोते गर्नुपर्ने परम्परा र रीत नभएकोले लोग्ने मरेमा स्वास्नी मानिसले चुरा, धागो, पोते र सिंदूर फुटाउनु वा पुछ्नु नपर्ने ।

६. मृत्यु भएको दिन मृतकको नाममा मेप्सा, प्लाकाव भनी बाख्रा, कुखुरा वा अन्य कुनै पनि जीव जन्तु काट्ने चलन बन्द गर्ने ।

७. मलामीहरूले मृतकको नाममा धुप, फूल र खादा मात्र लिएर जाने, अन्य कुरा लिएर नजाने ।

८. मृत्यु भएको समयमा वा मृतकको क्रियाकर्ममा गाउँ समुदाय वा गुठीले तोकिएको नगद वा जिन्सी बाहेक अन्य बढी लिन नपाउने र नलैजाने ।

९. दाहसंस्कार गर्दा विद्वान लामाद्वारा मन्त्रोच्चारण साथ चिताग्नी दिने । दागबत्ती दिनु नपर्ने ।

१०. बौद्ध मत अनुसार मृतकको संस्कार गर्नुपर्दा, शाखा सन्तानले नून-तेल बार्नु नपर्ने र मृतकको छोरा/वंशले केश खौरनु नपर्ने ।

### ३.२ रुअीबा उठाउने :-

मृतकको ह्रुअी (अस्तु) ल्याएमा लाखाङ/बक्सा बनाएर राख्ने र आफ्नो परम्परा अनुसार पुरोहितहरू ल्याई कर्म गर्ने । सकेमा लामाद्वारा बार्दो पढाउने ।

### ३.३ घेवा कर्म :-

१. मृत्यु भएको ७ दिनदेखि धुन्ची गरेर ४९ दिनसम्ममा घेवाको काम सकाउने ।

२. घेवा गर्दा सकेसम्म थोरै खर्चमा एकदिनमा सक्ने गर्ने ।

   २.१ मरो परेको घरमा कुनै प्रकारको मदमदिरा तथा मासुको चलन नगर्ने । सम्भव भएसम्म प्रत्येक साँझ आफन्तहरू भेला भएर मणि मोलम गर्ने ।

३. घेवा अनुष्ठान सम्पन्न गर्न तामाङहरूको परम्पराअनुसार ताम्बाद्वारा घेदुङ (संघ) निर्माण गर्ने । अनुष्ठानको निम्ति मुख्य व्यक्ति चोहो, ताम्बा, गान्बा, बोम्बो, कटौके, लाईबा सिया, छ्याबासिया, व्योनहावा दोर्जे र चवाई लामा, उम्जे, कोङगेर च्योपेन र अन्य लामाहरू रहने । घेवा अवधिभर चोहोको सल्लाहमा लामा, भिक्षु र ताम्बाले आ-आफ्नो क्षेत्रको घेवाको अनुष्ठान सम्पन्न गर्ने । बोम्बो, काटेक्पा सबैले आ-आफ्नो कार्य सम्पादन गर्ने ।

४. मृत्यु भएको ४९ औं दिनसम्ममा घेवा गर्न नसक्ने भएमा फोवा मात्र भएपनि गर्ने ।

५. थुन्दा सोर्वा भनेको तामाङ परम्परा अनुसार मृतकलाई लोकबाट सामुहिक रूपमा गरिने अन्तिम विदाइ हो । त्यसकारण शिबाघुर बनाई ताम्बाद्वारा थुन्दा सोर्वा गराउने जसमा मुठी चामल र एक रुपैयाँ (सिक्का) मात्र राख्ने । घर बाहिर डाजाङ भए घुर त्यही बनाउने । लास्याम फराकिलो भए फाल्तो डाजाङ नबनाउने ।

६. सिबाला कानका लागि निम्तालु एवम् मृतकका आफन्तहरूले पाके पकाएको खानेकुराको सट्टा नपकाएकै वस्तुहरू ल्याउने र त्यसमध्येबाट एकमाना चामल तथा अन्य एक एक थोक वस्तुहरू पकाएर चढाउने र बाँकी अन्य काममा प्रयोग गर्ने ।

७. केही ठाउँमा आमाबाबुको मृत्यु पश्चात चल सम्पत्ति छोरीमा जाने भएकोले घेवा अनुष्ठान सम्पन्न गर्न लाग्ने खर्चमा एक तिहाई खर्च छोरीले व्यहोर्ने चलन यथावत राख्ने ।

८. स्त्रीको घेवा गर्दा उनको माइतीलाई र पुरुषको घेवा गर्दा उनको चेलीलाई अनिवार्य रूपमा उपस्थित गराएर मात्र घेवामा लामाद्वारा मिनज्याङ जलाउने ।

९. मृतक बोम्बो भएमा बोम्बोलाई पनि घेवा गर्न दिने ।

१०. घेवा लगायत अन्य सामाजिक अनुष्ठानमा तामाङ परम्परा अनुरूप जुवाईको भूमिका यथावत कायम गर्ने ।

११. मलामी जाँदा तथा घेवाको समयमा भेला भएका सबै तामाङले मानी मोलम गर्ने ।

१२. डाजाङमा कसैले पनि जाँडरक्सीको सेवन नगर्ने । सगुन चाहिएमा सानो पोङ प्रयोग गर्ने । कुखुरा, बाख्रा, राँगो वा कुनै पनि जीवजन्तु काटमार नगर्ने । डाजाङमा नचढाउने ।

## ४. **विविध :-**

१. प्रत्येक तामाङले अनिवार्य रूपमा माघ शुक्ल प्रतिपदाको दिनदेखि ५ दिनसम्म ल्होछार मनाउने । ल्होछार अवधिमा चाङ (फोलाडाला) को पूजा गर्ने ।

२. आआफ्नो थर विशेष अनुरूप लासोल (ला वा दोइला स्होबा) गर्ने । ल्होछारअघि खेप्पासुम गर्ने तर काटमार नगर्ने ।

३. मातातिर्थ र गोकर्ण औंसीमा गर्ने श्राद्ध (ङो) चैत्र पूर्णिमाको बेलामा बौद्ध र स्वयम्भूमा गर्ने । आपा क्योङबा (पूजा), आमा क्योङबा (पूजा) गर्ने ।

४. सामान्यतयाः औशी र पूर्णिमामा काटमार नगर्ने । बैशाख पूर्णिमाको दिन भोगवली दिई कुनैपनि पूजा नगर्ने । मंसीर वा गोने पूर्णिमा मान्ने ।

५. ह्युल्सा, चन, लु, शीब्दा नेदाको पूजा गर्ने ।

६. भ्री फुई ठान्वाः उभौंली-उधौंली (नयाँ बाली लगाउने र भित्र्याउने शुभ दिनहरूमा साङसेर्गेम गर्ने ।

७. बुद्धजयन्ती मान्ने, मनाउने ।

८. दशैं र तिहार तामाङ जातिको परम्परा नभएकोले मान्नु नपर्ने । दशैंको टीका अब उप्रान्त बिल्कुलै नलगाउने ।

९. लामा, ताम्बा र बोन्बोले आआफ्नो क्षेत्रमा रही सामाजिक कार्यभार सम्हाल्ने ।

१०. प्रत्येक तामाङले सार्वजनिक समारोहमा तामाङ भेषभूषा, गरगहना र तामाङ शैलीमा उपस्थित हुने ।

११. प्रत्येक महिनाको दशमीका दिन गुरु पद्मसम्भवको दिवसका रूपमा पुजापाठ गर्ने ।

१२. धुम्रपान, (चुरोट, बिंडी, तमाखु, सुर्ती आदि) प्रयोग नगर्ने ।

**५. सम्पत्ति संरक्षण :–**

१. तामाङ जातिको जग्गा जमीन तामाङ भित्रै किनबेच गर्ने, पूर्ख्यौली सम्पत्तिको हक शाखा सन्तान भित्र रहने र संरक्षण गर्ने ।

**६. भेषभूषा :–**

**६.१ लामाको भेषभूषा,**

१. लामाको पोशाक : अर्ची गा, कार, स्यान्ताप, छ्युवा, शेन, स्यान्थात्र, तोइ तौड तोङ्का छेयोगे (मधुरो रातोमा सेतो धर्सा मिसाएको) ।

२. लामाले तामाङ भेषभूषामाथि निङपा परम्परा बमोजिमको चिवरमाथि अर्ची गा लगाउने ।

**६.२. बोम्बोको भेषभूषा :–**

बोम्बोको हकमा परम्परागत रूपमा चलिआएको भेषभूषा नै यथावत लगाउने ।

**६.३. सर्वसाधारण तामाङ भेषभूषा :–**

**६.३.१ पुरुष भेषभूषा,**

क. सुर्काअी (लुकुनी) छोटो बाहुला र किनारमा तामाङको परम्परागत बुट्टा भएको तल लामो घुँडाभन्दा माथिसम्म लामो ठाउँ अनुसारको कपडा, रंग कालो वा सेतो हुनुपर्ने ।

ख. तोदुग (भोटो) : घिउ र खरानी रंग खैन्जा, खेन्जार ।

ग. स्योदे/कुलागी/तागी (टोपी) : रसुवा जिल्लाको गोल्जोङको तामाङहरूले बुनेको डिजाइनको ।

घ. के (पटुका) : सकभर तामाङहरूले बुनेको घरबुना वा रसुवा जिल्लाको प्रचलितकै प्रयोग गर्ने । पटुकको रंग सेतो हुने ।

**६.४ महिला भेषभूषा,**

क. तागी, स्योदे, कुलागी (टोपी) : रसुवा जिल्लाको गोल्जोङको तामाङहरूले बुनेको महिलाको स्योदे ।

ख. दोर्मो (जामा) : विभिन्न रंगीविरंगी कपडाको गोलो मुजा पारेर लगाउने तामाङ महिलाको पोशाक ।

ग. ग्याप्टुल : पाङ्देन जस्तो पछाडि लाउने ।

घ. के (पटुका) : पटुका सेतो ।

ङ. हाङ्रे : चौबन्दी चोलो कालो या हरियो रंगमा तामाङ चेली ।

च. स्यामा : परम्परागत लुंगी जस्तो नुवाकोट, धादिङ तथा रसुवामा पाइने पाँगा स्यामा ।

छ. घरबुना के : सेतो या सुहाउँदो रंगको पटुका ।

ज. आङदुङ (कोट) : कुचिनको अथवा घरबुना ।

**६.५ गरगहना,**

क. न्हाली (चेप्टे सुन) ।

ख. स्हीमाला/मुगामाला ।

ग. गाहुमाला/गाहुजन्तर ।

घ. बोटिल (कानमा लगाउने कुण्डल) ।

ङ. टाङ्गा माला/सिक्कामाला ।

च. माठी, ठोका (चुरा वा बाला) ।

छ. च्याल्दा : चाँदीको सिक्री जडित परम्परागत तामाङ डिजाइनको ।

ज. तामाङ भेषभूषा पर्वहरू र राष्ट्रिय पर्व एवम् विशेष उत्सवहरूमा अनिवार्य रूपमा पहिरने ।

**७. खानपीन,**

क. थुक्पा ।

ख. बाबर : विहे र लासोबामा प्रयोग हुने ।

ग. छ्याम्बा : ढिँडो (मकै, कोदो, जौ, गहुँ, फापर) ।

घ. आलुम : गहुँ वा कोदोको पानी रोटी ।

ङ. सोल्दर/स्योस्यो : मोहीमा पीठो मिलाई बनाउने परिकार ।

च. किनाम : फूल खरानीले उसिनेको भटमास मोली ओथारमा राखी बसाएको खाद्य पदार्थ ।

छ. भुटेको मकै ।

ज. उसिनेको आलु ।

झ. छ्याङ (आइरक) ।

ञ. जी (छानेको जाँड), तोङबा निगार, भातीजाँड, ए हुरे ।

ट. फोन्दोङ ।

ठ. खाप्से ।

ड. गुन्द्रुक, सिन्की : अचार, सोल्दर ।

ढ. भाल्डु : तिते फापर वा सेतो कोदोको पानीमा पकाएको ल्होछारमा खाने परिकार ।

ण. सोङगान : मारेको/सुकाएको साग ।

त. टिमुर र बाबरीको अचार (चटनी) ।

थ. तरुल (भ्याकुर) र अन्य घरेलुर जंगली कन्दमूल ।

**८. तामाङ बाजा,**

क. डम्फू ।

ख. टुङना ।

ग. बिनायो ।

घ. मुर्चुङ्गा ।

ङ. बोम्बोले प्रयोग गर्ने ढ्याङ्ग्रो ।

च. लामाले प्रयोग गर्ने बाजाहरू ।

छ. धामीले प्रयोग गर्ने ढोलक, झ्याली र मादल आदि ।

**९. भगवानलाई चढाउने पवित्र वस्तुहरू,**

क. कोकोम्हेन्दो ।

ख. दुची : मर्चा, रक्सी, जाँड ।

ग. विभिन्न किसिमका धुपहरू ।

घ. खादा ।

ङ. छेमार : कार्सुम, डार्सुम ।

च. ठुई : बुम्बाको पानी ।

छ. म्हार (नौनी घिउ) ।

ज. ठेडा/फ्राङ्ग माला : बुद्धमाला (बोधिचित्त) ।

## १०. आचार, विचार/व्यवहार :-

क. सुरुफुरु : आफन्तबीच सुरुफुरु (एउटैबाट खानपीन) चलाउने ।

ख. ढोगभेट : सानाले ठूलालाई घुँडा मारेर सिर झुकाएर ढोग्ने र ढोग थाप्नेले समान भए सिर निहुर्‍याउने, नभए दुई हात उत्तानो पारी थाप्ने र आशिक दिने । लामाले छ्योई (धार्मिक पुस्तक) टाउकोमा राखी ढोग लिने । समान साइनोमा दुई हात जोडेर फ्याफुल्ला वा नमस्कार गर्ने ।

ग. तनाव समाधान : बादबिबाद, झैँझगडा भएमा मध्यस्थताको सहयोगमा सानाले ठूलालाई पोङ राखी क्षमायाचना गर्ने र पोङ छोएर मेलमिलाप गराउने ।

घ. खानपीन : खानपीनको समयमा समूहमा ठूलो साइनोबाट क्रमशः सानो साइनोको तर्फ भोग्य पदार्थ दिने र सबैले भोग्य पदार्थ पाएपछि ठूला व्यक्ति वा पाहुना ख्वाउने व्यक्तिले लासो फ्याफूल्ला भनी लिनुहोस् भन्ने संकेत दिएपछि मात्र सबैले दुवै हात उठाई फ्याफुल्ला लास्सो भनी भोजन ग्रहण गर्ने ।

ङ. परपाहुना जाने आउने : सम्मान स्वरूप स्यालगर लग्ने, खाने, खुवाउने ।

## ११. नारी उत्थान :-

तामाङ नारीको संरक्षण गरिने र प्रत्येक क्षेत्रमा नारी पुरुषको समान अधिकार हुने । नारी उत्थानप्रति पूर्ण सहयोग गर्ने ।

## १२. पालना गर्नु/गराउनुपर्ने :-

तामाङ विश्व दृष्टिकोण, संस्कार र संस्कृति नै तामाङ जातिको परम्परागत (प्रथाजन्य) भएकाले यो तामाङ संस्कार संस्कृति निर्देशिकालाई पालना गर्नु

हामी सबै तामाङको नैतिक दायित्व हुनेछ। अन्तर्राष्ट्रिय तामाङ परिषद्को सदस्य संगठनले प्रत्येक गाउँ वा नगरमा चोहोको नेतृत्वमा गान्बाहरूः बोन्बो, ताम्बा, लामा, लम्बू, लाव्ताबा, लोपन, गान्बा, मुल्मी, गाअुराअीलगायतलाई समेटी एक नाङ्खोर/छोक्पा (संयन्त्र) बनाउनेछ। उक्त छोक्पालाई निर्देशिकाबारे जनचेतना फैलाउनुका साथै छेवार, विवाह, घेवाजस्ता सबै धर्मकर्म छिटो, छरितो, कम खर्चिलो र सरल तरिकाले सम्पन्न गर्ने तथा निर्देशिका पालना गर्ने/गराउने काम, कर्तव्य र अधिकार हुनेछ।

१३. **संशोधन :-**

यस निर्देशिकामा परेका संस्कार-संस्कृतिको कुनैपनि अंश संशोधन गर्न परे अन्तर्राष्ट्रिय सम्मेलनले मात्र संशोधन गर्न सक्नेछ।

❑

## अनुसूची–१

# स्वाँगे भाईहरू

| क्र.सं. | स्वाँगे भाई |
|---|---|
| १. | दोङ, बल, गोले, तितुङ, डिम्दुङ, दारताङ, स्योङदान, गोङ्बा, गोम्देन, गाङदान, कल्तान, ग्यामदेन, बज्यू, माम्बा र हिम्डोङ |
| २. | वाईबा, रुम्बा, मारपा, टुबा, हुम्बा, ख्युङ्बा, जिम्बा र ग्याबा |
| ३. | थिङ, सिङ्गर, ब्रोसिङ्गर, सिङकर र ङेसुर/ङ्यास्युर |
| ४. | योन्जन, लोप्चन, मिक्चन, बोम्जन र डुम्जन |
| ५. | पाख्रिन, मोक्तान, स्याङ्तान र थोकर |
| ६. | स्यारगी, गोन्बो र डारतेन |
| ७ | घिसिङ, लो र ग्लान |
| ८. | स्याङ्बो र ब्लोन |

## अनुसूची–२

# तामाङ शव्दको अर्थ

| शब्द | अर्थ |
|---|---|
| खेप्पासुङ | पितृ देवताहरूको पूजा |
| धिमला स्होवा | कुलदेवताको स्थापना गर्ने |
| लापोरे, खुईमा | कुलदेवतालाई सगुन, अछेता र पैसा राख्ने माटोको भाँडो |
| धिमला छोन | थर र कुलदेवतालाई सगुन घरमा लगाउने रंग |
| स्यालगर | कुलदेवतालाई चढाउने सगुन |
| आख्खे ला | पितृ देवताहरूको पूजा |
| न्वाङगी | नयाँ अन्न चढाउने |
| ल्हाखाङ | कुल देवी देवता राख्ने स्थान वा कोठा |
| फोला | कुल देवी, देवता |
| बाब्सा | थाँतथलो, पुर्ख्यौली थलो |
| फो ह्वइ | सगोत्री दाजुभाई थर |
| स्वाँगे | विहेवारी नचल्ने दाजुभाई |
| लाप्तावा | कुल बनाउने र पूजा गर्ने पुजारी |

| | |
|---|---|
| ह्वइ | थर |
| ङाह्वइ | सहथर, पाँचथर |
| फोला ल्हासु | सानो कूलपूजा |
| दोइला | ठूलो कुलपूजा |
| लामा | संस्कार गर्ने पुरोहित |
| बोम्बो | झाँक्री |
| चन् | शिकारी वा कुलदेवता |
| ज्योहो/ज्योमो | देव/देवी |
| तोर्मा/बुझ्रू | भातबाट बनाइएको देवताको स्वरूप |
| खे ङा | पाँच पुर्खाको वंशावली |
| कइरन | इतिहास |
| ताम्बा | तामाङ थरका ज्ञाता/प्रवक्ता |
| डाला | परिवार |
| मयुङ | दाजुभाई, माइती |
| बुरिङ | छोरीचेली |
| केन | ससुरा |
| स्यूमी | सासु |
| रिमठिम | परम्परा, संस्कृति |
| सेबु/म्हाछार | बेहुला |
| सेमु/चाङछार | बेहुली |
| म्हा | ज्वाँइ/भेना |
| चाङ | बुहारी |
| दोङह्वाप | इतिहास |
| लोबोन | कुल पुजारी |
| फोला | इष्ट देवता, ह्वइको संरक्षक |
| बाप्सा | उद्गम स्थल |
| कइतेन | भन्ने कुरा वा वर्णन |
| जिकतेन | संसार |
| छ्योइ | धार्मिक पुस्तक |
| ग्यागर | भारत |

| | |
|---|---|
| ग्यानक | चीन |
| भोइ/बोइ | तिब्बत |
| न्हाक्पो च्यागी | कालो धातु |
| गोन्पा | गुम्बा |
| ग्याल्सा | देश |
| ग्याल्बो/ग्ले | राजा |
| ग्याल्मो | रानी |
| ज्याम्बेयाङ | मञ्जुश्री |
| सिन्डे | पिचाश |
| छ्योइकु | धर्मकाय |
| लुङ्गु | संभोगकाय |
| टुल्कु | रूपकाय |
| दोर्जे ग्याडम | महाबज्र, ऋश बज्र |
| किलखोर | मण्डला |
| डोल्मा | तारा |
| गुरु रिम्बोर्चे | पद्मसम्भव |
| ला, लामु | देव, देवी |
| याम्बु | काठमाडौं उपत्यका |
| म्हाने | पञ्चबुद्धको स्मारक |
| मुनालिङ | स्वर्गलोक |
| रिग्याल | सुमेरु पर्वत |
| ल्हो | वर्ष, वर्ग |
| माङ | भूत |
| छ्याजिक | उत्पत्ति |
| चोमो | हिमाल |
| चेङ्रेसी | अवलोकितेश्वर |
| लामाकोन्ज्यो | गुरु रत्न |
| ब्योन, छामे | तन्नेरी, तरुनी |
| जाम्बुलिङ | पृथ्वी, संसार |
| प्रवज्या (टाप्चे) | टुप्पी काट्ने/बौद्धधर्म प्रवेश |